CAREERINDIA

नेपाली

कक्षा बाह्र

निर्धारित समयः ३ घण्टा पूर्णाकं - 100

**खण्ड एक**

| | | | |
|---|---|---|---|
| 1. | क) | वार्णिक छन्दमा कति वर्णका एक गण हुन्छ ? | 1 |
| | ख) | अनुष्टुप छन्दका प्रत्येक चरणहरू कति-कति अक्षरका हुन्छन् ? | 1 |
| | ग) | काव्यको शोभा बढ़ाउने आभूषणलाई के भनिन्छ ? | 1 |
| | घ) | भीष्म सन्तानले पूर्ण शकूनी ध्वनि सङ्कुल<br>कृष्ण कादम्बिनी शुन्य जुवा झैं छ नभस्तल ।।<br>उक्त पदमा श्लेष अलंकारको प्रयोग भएको छ । बुझाएर लेख्नुहोस् । | 2 |
| | ङ) | श्लोक वा कविताका चरणको अन्तमा समान वर्ण वा वर्ण समूह भए कुन अनुप्रास अलंकार हुन्छ ? कुनै एउटा उदाहरण लेख्नुहोस् । | 1+2 |
| | च) | शार्दूलविक्रीडित छन्दको उदाहरण सहित निरूपण गर्नुहोस् । | 2+2 |
| | | | |
| | | **खण्ड दुई** | |
| 2. | | आफ्नो घरको छेउको झोड़ाबाट आएको भेलले गाउँ नै बगाउने सन्देह जनाउँदै छिटो भन्दा छिटो झोड़ा बाँध्ने कार्य गरिदिने अनुरोध गर्दै ग्राम पञ्चायत सभापतीलाई एउटा निवेदन लेख्नुहोस् । | 5 |
| 3. | | तल दिइएका विषयहरू मध्ये **कुनै एक** विषयमा लगभग दुइसय पचास शब्दसम्मको निबन्ध लेख्नुहोस्।<br>क) जैविक खेतीः उत्तम पेशा ।<br>ख) स्वास्थ्य र स्वच्छता ।<br>ग) विज्ञानको सदुपयोग । | 10 |
| | | **खण्ड तीन** | |
| 4. | क) | ''पोइलाई अघि लगाइहालें, सासूससुराहरू छन् बजारमा, ससुरा त माया गर्छन तर सासू छ बित्यासकी, मलाई फुटेको आँखाले हेर्दिन र म छुट्टिएर आएकी ।''<br>**यो गद्यांश कसले कसलाई कुन संदर्भमा भनेको हो ?** | 1+1+1 |
| | ख) | 'रूख सुक्छ, जवानी सुक्छ, उन्नति सुक्छ, प्रेम सुक्छ, अभिमान सुक्छ, कराउनेको स्वर सुक्छ, सुक्छ सुक्छ...,खोलो सुक्छ ...त्यो सुक्यो ।'<br>अ) उद्धृताशंको पाठ र लेखकको नाम लेख्नुहोस् ।<br>आ) उद्धृताशंमा लेखकले जवानी सुक्छ र अभिमान सुक्छ भनेर के भन्न चाहेका छन् ?<br>इ) यस कथाका लेखकले सबै कुरा सुक्छ भनेर के व्यक्त गर्न खोजिरहेछन् ? | 1<br>2<br>2 |
| | ग) | 'परार्थद्वारा स्वार्थ पटाउनु उत्तम ' भनेर रानुले के भन्न खोजेकी हुन् बुझाएर लेख्नुहोस् ? | 3 |
| | घ) | **'रुपको मुल्य'** कथाको अन्तमा रानुलाई किन कोइलाखानीको हीरासँग तुलना गरिएको छ? | 4 |
| | | | |
| 5. | क) | ''टाइम मसिन'' बनाउने अभियनमा डा० फ्लक्सकी स्वास्नीको परिवारमा कस्तो समस्या खड़ा भयो? त्यस समस्यको समाधान किन थिएन ? | 2+3 |
| | ख) | प्यारो सपना निबन्धमा बिपनाको छोरो मर्दा पनि नरूनुको कारण सोध्दा त्यो मानिसले के उत्तर दियो ?<br>**अथवा** | |
| | | ''म सुधार गर्न चाहन्थें, नवयुग ल्याउन चाहन्थें ।'' यसो भनेर देवकोटाले कस्तो समाजको कल्पना गरेका थिए ? | 5 |
| | | | |
| 6. | क) | अडिने साहसै छैन चाहन्छन् सब पल्टनै ।<br>खुला दो-कान को राख्छ गले-बन्द भये कुनै ।।<br>अ) उक्त पद कुन ऋतुबाट उद्धृत गरिएको हो ?<br>आ) यस पदमा **'दो-कान'** शब्दमा कुन- कुन दुईवटा अर्थ लुकेका छन् लेख्नुहोस् । | 1<br>1 |
| | ख) | सप्रसंग व्याख्या गर्नुहोस् (**कुनै एक** ):- | 4 |

www.careerindia.com

CAREERINDIA

| | | | |
|---|---|---|---|
| | | अथवा<br>दिन रात दुवैको छ चौथो याम मनोहर ।<br>चतुर्थाऽऽश्रम झैं आर्य-जातिको शान्ति मन्दिर ।। | |
| | ग) | वसन्त ऋतु सुख-शान्ति र खुशीयालीले भरिएको हुन्छ भन्ने कुरा ‘ वसन्त विचार ’-को आधारमा खुलस्त पारेर लेख्नुहोस् ? | 4 |
| | | | |
| 7. | क) | काव्यको शृङ्गारलाई के भनिन्छ ?<br>अ)कथा आ) कविता इ) नाटक ई) उपन्यास | 1 |
| | ख) | समालोचक टी० एस० इलियट नाटक कस्तो भाषामा हुनुपर्छ भन्छन् ?<br>अ) पद्यमय भाषामा आ) गद्यमय भाषामा इ) गद्य पद्य दुवै भाषामा ई) कुनै पनि होइन। । | 1 |
| | ग) | नाटकको सफलताको लेखाजोखा गर्न कुन प्रकारका मानिसहरूमा भर पर्छ?<br>अ) नाटककार आ) सूत्रधार इ) अभिनयकर्ता ई) तीनै थरिका मानिसहरूमा । | 1 |
| | घ) | नपाली साहित्समा नाटक सम्राठ भनेर कसलाई जानिन्छ ?<br>अ) बालकृष्ण सम आ) लेखनाथ पौड्याल इ) लक्ष्मी प्रसाद देवकोटा ई) रामलाल अधिकारी । | 1 |
| | ङ) | ‘दान योगदान’ एकांकीमा नद्‌माले किन नाटकमा हासिल गरेको प्रमाण पत्र बाबुदेखि लुकाएर राखेकी थिई ? | 3 |
| | छ) | ‘बन्दिनी’-को हतियार के थियो ? त्यस हतियारले उ के तहसनहस गर्न चाहन्थी ? | 3 |
| | | | |
| 8. | क) | ‘‘अरूले देख्ता राम्रै होला, तर कसम हाल्छु मलाई यहाँ बस्ने मन छैन। यो मनमा ठूलो पीर परेको छ ।’’<br>अ) उक्त गद्याशंमा कसलाई , कहाँ बस्ने मन छैन ?<br>आ) यस गद्याशंकी वक्तालाई के पीर परेको छ ? | 2<br>2 |
| | ख)<br>ग) | इन्द्र सुन्दासले जुनेली रेखा उपन्यासबाट के प्रष्ट पार्न चाहेका छन् ?<br>जुनेली रेखाबाट मालिनीले के प्रेरणा पाई ? | 3<br>3 |
| 9. | क)<br>ख)<br>ग) | साहित्य बाहेक बालकृष्ण सम अरू कुन-कुन विषयमा सिपालु थिए ?<br>लेखनाथ पौड्यालको साहित्यिक परिचय लेख्नुहोस् ।<br>तल दिइएका कृतिबाट बालकृष्ण सम, लेखनाथ पौड्याल र रामकृष्ण शर्माका कृति अलग-अलग गरेर लेख्नुहोस् ।<br>सप्त शारदीय, ऋतु विचार, मुकुन्द इन्दिरा, लालित्य( भाग १ र २) ,दश गोर्खा,मुटुको व्यथा । | 2<br>3<br>3 |
| 10. | क | नेपाली भाषा जान्नेलाई किन हिन्दी भाषा बुझ्न सजिलो पर्छ ? | 2 |
| | ख) | गोर्खाली भाषालाई किन नेपाली भाषा भनियो ? | 2 |
| | ग) | उपन्यासको उद्देश्य के हुनुपर्छ ? | 2 |
| | घ) | नेपाली भाषाको जन्म कुन भाषाबाट भएको हो ? नेपाली भाषा कुन परिवारमा पर्छ ? | 2 |
| | ड) | तल दिइएका **कुनै दुइ** उपन्यासका लेखकहरूको नाम लेख्नुहोस् :-<br>जुनली रेखा, तीन घुम्ती, भ्रमर, आज रमिता छ । | 2 |
| | | | |

www.careerindia.com